# मर्स्याङ्दी गाउँपालिका
**MARSYANGDI RURAL MUNICIPALITY**
भुलभुले (Bhulbhule)
लमजुङ (Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)

## मर्स्याङदी गाउँपालिका क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) संकलन/उत्खनन् तथा विक्री सम्बन्धी शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति :- २०८२/१०/१३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र ६४ को प्रावधान बमोजिम यस गाउँपालिका क्षेत्र भित्र कार्यालयले तोकेको दररेटका आधारमा वार्षिक न्युनतम रकमबाट वढावढ हुने गरी चालु आ.व. २०८२/०८३ को लागि ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् तथा विक्री गर्ने प्रयोजनार्थ तपसिलका स्थानहरुमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्थाहरुवाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं | बगर तथा नदी क्षेत्र | उत्खनन् हुने अधिकतम परिणाम (घ.मी.) | न्युनतम कबोल रकम (भ्याट र कर बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | 07/RB/082/83 | स्यागे श्रीचौर,म.गा.पा-४ | ५८३.२० | १,८५,५००.०० | १०००।- | कबोल अंकको ५% |
| २ | 08/RB/082/83 | बङ्कर क्षेत्र,म.गा.पा-४ | १०१७.२० | ३,२३,५००.०० | १०००।- | |
| ३ | 09/RB/082/83 | रामबजार नजिक,म.गा.पा-५ | २८५६.६० | ९,०८,४००.०० | १०००।- | |
| ४ | 10/RB/082/83 | घोप्टे भिर नजिक,म.गा.पा-४ | १२७८.०० | ४,०६,४००.०० | १०००।- | |
| ५ | 11/RB/082/83 | डादी/विमिरे बगर,म.गा.पा-७ | ५४९४.५० | १७,४७,३००.०० | १०००।- | |
| ६ | 12/RB/082/83 | कत्मे बगर बगर,म.गा.पा-७ | ३४०२.०० | १०,८१,९००.०० | १०००।- | |
| ७ | 13/RB/082/83 | दुले ओडार बगर,म.गा.पा-८ | १५३०.८० | ४,८६,८००.०० | १०००।- | |
| ८ | 14/RB/082/83 | आँगे/बगैचा बगर,म.गा.पा-९ | १०५८.४० | ३,३६,६००.०० | १०००।- | |

**शर्तहरु:**

१. मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदि) को प्रति क्यु फिट रु ९।०० कर वाहेक तोकेको हुंदा सो भन्दा बढि लिनदिन पाईनेछैन ।

२. दरभाउ-पत्र फाराम मिति **२०८२/१०/१९** सम्म कार्यालय समय भित्र तोकिएको शुल्क बुझाई राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउ-पत्रहरु शिलबन्दी गरी मिति **२०८२/१०/२० को १२.००** बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका दरभाउ-पत्रहरु **सोही दिनको १.०० बजे** दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिका रोहवरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने, तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

३. दरभाउ-पत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नं./मु.अ.करको प्रमाणपत्र र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. दरभाउ-पत्र फाराम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रस्टसंग लेखी कवोल अङ्कको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन **वैक स्थित हि. नं. २५७५६३५१९५००९८** मा रकम जम्मा गरेको सक्कलै भौचर वा वैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ७५ दिनको म्याद भएको वैंक जमानी-पत्र शिलवन्दी दरभाउ-पत्रसाथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

५. ठेक्का सम्झौता गर्दा कवोल अङ्कको मु.अ.कर १३% र अग्रिम आयकर १.५% रकम थप गरी सम्झौता रकम कायम गरिनेछ ।

६. कुनै शर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको दरभाउ-पत्र माथि कुनै कारबाही हुनेछैन ।

विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७. पेश भएका दरभाउ-पत्रहरु स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
८. व्यक्तिको निजी वा भोगचलनमा रहेको जग्गा, नदी/खोलामा राखिएका पुलहरुको ५०० मिटर तल माथि, सार्वजनिक महत्वको स्थान नजिक नदीजन्य पदार्थ उठाउन पाइनेछैन।
९. नदीजन्य पदार्थको सङ्कलन/उत्खनन् कार्य विहान सूर्योदय देखि बेलुका सूयास्त नहुंदा सम्म मात्र गर्न पाइनेछ। नदी किनार र सार्वजनिक स्थानमा घाटगद्दी गर्न पाइनेछैन। दरभाउ-पत्रदाताले आफ्नो जग्गाको छुट्टै व्यवस्था गरी घाटगद्दी गर्नुपर्नेछ।
१०. सम्बन्धित निकायले तोकेका सडक सिमा र मापदण्ड भित्रका क्षेत्रमा नदीजन्य पदार्थ सङ्कलन वा सञ्चय तथा सामाग्री बोकेका ढुवानीका साधानहरु पार्किङ गर्न, पानीले भिजेको र पानी चुहिने बालुवा बोकी ढुवानीका साधानहरु गुडाउन पाइनेछैन। साथै ढुवानी गर्दा सामाग्री छोपेर मात्र ढुवानी गर्नुपर्नेछ।
११. नेपाल सरकारको मौजुदा कानून अनुसार असार, श्रावण र भाद्र १५ गते सम्म नदिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्य गर्न नपाइने भएको हुंदा उक्त नियमको पूर्ण पालना गर्नुपर्नेछ।
१२. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावा गर्न पाइने छैन। नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् वा ढुवानी कार्य गर्दा विवाद उत्पन्न भएमा स्वंय दरभाउ-पत्रदाताले सुल्झाउनु पर्नेछ।
१३. माथि उल्लेखित शर्तहरुका अधिनमा रही कार्य नगरेमा वा गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता तोकिएको समयमा नबुझाएमा ठेक्का तोडी बाकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुलउपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ। त्यस्तो असुल गर्नुपर्ने रकममा १०% थप क्षतिपूर्ती जोडी सरकारी बाकी सरह असुल उपर गरिनेछ।
१४. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। साथै कार्यालयको फोन नं. ९८५६०७९३३५ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।
१५.सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ। कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आंशिक वा पुरै सिलबन्दी दरभाउ प्रकृया रद्द गर्न सक्नेछ। यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

२०८१/१०/१३
प्रमुख प्रशासकीय अधिकृत
दिवान पौडेल
प्रमुख प्रशासकीय अधिकृत